नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान**
भैंसेपाटी, ललितपुर

# सीप विकास तालिमको लागि निवेदन आव्हान

प्रथम पटक प्रकाशित मिति २०७५/९/२७

नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा आवेदन फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ। प्रशिक्षार्थीहरुवाट तालिम वापत कुनै शुःल्क लिइने छैन र तालिम सामग्री उपलब्ध गराइनेछ । म्याद नाघी आएको र रीत नपुगेको आवेदन उपर कारवाही गरिने छैन।

| सि.नं. | तालिमको विषय | तालिमको अवधि | न्यूनतम शैक्षिक योग्यता | तालिम सञ्चालन हुने स्थान | अन्तर्वार्ता हुने र छनौटको सूचना प्रकाशन हुने मिति | आवेदन फाराम पाईने र पेश गर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | अटोमेकानिक्स | ६ महिने(७२० घण्टा) | कक्षा ८ उत्तीर्ण | प्रतिष्ठान, भैंसेपाटी, ललितपुर | २०७५/१०/१३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैंसेपाटी, ललितपुर<br>फोन नं.०१-५५९०८००<br>०१-५५९०८९४<br>०१-५५९०२५४<br>वा<br>www.moless.gov.np<br>www.training.gov.np |
| २ | कम्प्युटर अपरेटर (एडभान्स) | ६ महिने(७२० घण्टा) | एस.एल.सी. उत्तीर्ण | प्रतिष्ठान, भैंसेपाटी, ललितपुर | २०७५/१०/१४ | |
| ३ | केश श्रृंगार (ब्युटिसियन) एडभान्स | १.५ महिने(१९५ घण्टा) | बेसिक कोर्ष (३९० घण्टा) पुरा गरेको | प्रतिष्ठान, भैंसेपाटी, ललितपुर | २०७५/१०/१५ | |
| ४ | कटाई सिलाई एडभान्स | १.५ महिने (१९५ घण्टा) | कक्षा ८ उत्तिर्ण | प्रतिष्ठान, भैंसेपाटी, ललितपुर | २०७५/१०/१६ | |
| ५ | विधुत जडान | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | त्रिपुरेश्वर, काठमाण्डौ | २०७५/१०/१७ | |
| ६ | ईलेक्ट्रोनिक्स मर्मत | ३ महिने (३९० घण्टा) | कक्षा १० उत्तीर्ण | | २०७५/१०/१८ | |

**<u>तालिम लिन इच्छुकहरुले पालना गर्नुपर्ने शर्तहरु:</u>**

१. प्रशिक्षार्थी आवेदन फाराम, नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी राखी २०७५/१०/११ गते (सो दिन विदा परेमा भोलीपल्ट) सम्म कार्यालय समय भित्र उल्लेखित स्थानमा पेश गर्नुपर्नेछ। अन्तर्वार्ता मिति २०७५/१०/१३ वाट शुरु हुने र प्रशिक्षार्थी छनौट समितिले गरेको निर्णयानुसार प्रशिक्षार्थी छनौटको सूचना कार्यालयको सूचनापाटी र www.moless.gov.np, www.training.gov.np मा प्रकाशन गरिनेछ।

२. तालिममा छनौट भएका प्रशिक्षार्थीहरुले माघ २० गतेवाट तालिममा सहभागी हुनुपर्नेछ। माघ २२ गते भित्र भर्ना नहुनेहरुको स्थानमा वैकल्पिक उम्मेदवारलाई तालिममा सहभागी गराइनेछ।

३. विपन्न, दलित, अपाङ्ग, शहिद परिवार, एकल महिला र पिछडिएको क्षेत्रका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।

४. तालिम लिन इच्छुक उम्मेदवारको उमेर १८-४० बर्षको हुनुपर्नेछ। प्रशिक्षार्थीको छनौट अन्तर्वार्तावाट गरिनेछ। एक समूहमा औषत १५-२० जना प्रशिक्षार्थीहरुलाई सहभागी गराइनेछ।

५. बस्न र खान सहभागी आफैले व्यवस्था गर्नुपर्नेछ।

६. गाउँपालिकारनगरपालिका वा प्रदेश सरकारवाट प्रशिक्षार्थीको लागि लागत सहभागिता हुने गरी प्रस्ताव भएमा विशेष प्राथमिकता दिइनेछ। रोजगारी गर्ने वा स्वरोजगारमा उद्यम गर्ने लक्ष्य भएकाले आवेदन गर्नुहोला।

७. तालिममा छनौट भई मनासिब कारण वेगर तालिम छोडेमा सरकारी अभिलेख राखी भविष्यमा कुनै पनि प्रकारको तालिममा सहभागी गराइने छैन।

मीते २०७५।९।३०गतेको कान्तीपुर राष्ट्रिय दैनिकमा प्रकाशित।

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान**
रविभवन, कालिमाटी, काठमाडौं।
फोनः ४२७०६०५, ४२७१०२८

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान**
भैसेपाटी, ललितपुर।
फोन नं. ५५९०८००

# निशुल्क तालीमको लागि दरखास्त आव्हान

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान र व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानद्वारा संयुक्त रुपमा २०७५ साल माघ महिनाबाट संचालन गरिने निम्न तालीमको लागि योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

## तालीमको विस्तृत विवरण

| सि. नं | तालीम | न्यूनतम योग्यता | अवधि | तालीम शुल्क | फाराम भर्ने अन्तिम मिति | सम्पर्क मिति | छनौट प्रक्रिया | तालीम शुरु हुने मिती |
|---|---|---|---|---|---|---|---|---|
| १. | Basic Food Preparation (Cookery/bakery ) | एस.एल. सी. वा सो सरह | ३ महिना | निशुल्क | ०७५/१०/१५ | ०७५/१०/१७ (२ बजे पछि) | अन्तरवार्ता | माघ महिनाको चौथो हप्ता |
| २ | Food and Beverage Service (Waiter/Waitress) | एस.एल. सी. वा सो सरह | ३ महिना | निशुल्क | ०७५/१०/१५ | ०७५/१०/१७ (२ बजे पछि) | अन्तरवार्ता | माघ महिनाको चौथो हप्ता |

**नोटः**

१. दरखास्त फारामको साथमा २ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो, नागरिकता र अन्य शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु बुझाउनु पर्नेछ। दरखास्त दस्तुर वापत रु. ५००/- प्रतिष्ठानको लेखा शाखामा बुझाइ सो को सक्कल रसिद दरखास्त फारम साथ संलग्न गर्नु पर्नेछ।
२. तालिम कार्यक्रमलाई समावेशी वनाउन विपन्न, आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित एवं पछाडि परेका क्षेत्रका उम्मेदवारहरुलाई प्राथमिकता दिइनेछ।
३. Basic Food Preparation र Food and Beverage Service को लालिम शुल्क क्रमशः रु २५,०००/- र रु १२,०००/- व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानबाट व्यहोर्ने भएकोले तालिम निशुल्क गरिएको हो।
४. दरखास्त फाराम प्रतिष्ठानको वेवसाईट www.nathm.edu.np बाट पनि डाउनलोड गर्न सकिनेछ।
५. तालीमको प्रयोगात्मक कक्षाको लागि पोशाक र नाइफ सेटको व्यवस्था प्रशिक्षार्थी आफैले गर्नु पर्नेछ।